# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, बैशाख ४ गते, २०८३ साल (अतिरिक्ताङ्क १

## भाग-१

**कर्णाली प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय**
**कर्णाली प्रदेश, सुर्खेत**

कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०८२ सालको ऐन नं. ५**

## केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रचलित प्रदेश कानूनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**:- (१) यस ऐनको नाम "केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>कर्णाली प्रदेश प्रहरी ऐन, २०८१ मा संशोधनः</u>** कर्णाली प्रदेश प्रहरी ऐन, २०८१ को,-

(१) दफा २ को खण्ड (ट) र खण्ड (ड) को सट्टा देहायको खण्ड (ट) र खण्ड (ड) राखिएको छः-

"(ट) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ड) "सचिव" भन्नाले शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र हेर्ने सचिव सम्झनु पर्छ।"

(२) दफा ८ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

"(क) सचिव, शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र हेर्ने - अध्यक्ष।"

(३) दफा ९९ को उपदफा (१) को खण्ड (क) मा रहेको "मन्त्री" भन्ने शब्द को सट्टा "मुख्यमन्त्री" भन्ने शब्द राखिएको छ।

३. **<u>कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ मा संशोधनः</u>** कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को,-

(१) दफा ३ को उपदफा (४) मा रहेका "कानून मन्त्रालय" भन्ने शब्दहरू झिकिएका छन्।

(२) दफा ५ को,-

(क) उपदफा (२) को खण्ड (ग) झिकिएको छ।

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।"

(ग) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरू मध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाउनु पर्नेछ। त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।"

(३) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी, कार्यान्वयन तथा राजपत्र प्रकाशनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु पर्नेछ।"

(४) दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ,-

"(२) उपदफा (१) बमोजिमको नियुक्ति पत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी, कार्यान्वयन तथा प्रदेश राजपत्र प्रकाशनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु पर्नेछ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(५) ठाउँ ठाउँमा रहेका“ कानून मन्त्रालय ”भन्ने शब्दहरूको सट्टा “मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखी रुपान्तर गरिएका छन्।

(६) ठाउँ ठाउँमा रहेका“ कानून मन्त्रालयको सचिव ”भन्ने शब्दहरूको सट्टा “प्रदेश सचिव (कानून) वा शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र हेर्ने सचिव" भन्ने शब्दहरू राखी रुपान्तर गरिएका छन्।

४. **जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ मा संशोधनः** जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २७ को उपदफा (१) मा रहेका "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरूको सट्टा “मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखिएका छन्।

५. **कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ मा संशोधनः** कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) मा रहेको “मन्त्रालय" भन्ने शब्दको सट्टा “मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखिएका छन्।

६. **कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन, २०७६ मा संशोधन**ः कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन, २०७६ को दफा ९ को उपदफा (१) को खण्ड (च) मा रहेका "सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरूको सट्टा “प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखिएका छन्।

७. **कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७ मा संशोधनः**
कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७ को,-

(१) दफा ७५ को उपदफा (२) को खण्ड (ख) झिकिएको छ।

(२) दफा ७५ को उपदफा (२) को खण्ड (ङ) मा रहेका "सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरूको सट्टा “प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखिएका छन्।

८. **कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ मा संशोधनः** कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ को दफा ६९ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरूको सट्टा “अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरू राखिएका छन्।

९. **दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१ मा संशोधनः** दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१ को दफा १३ को उपदफा (१) को खण्ड (ङ) झिकिएको छ।

१०. **प्रदेश निजामती सेवा ऐन, २०८० मा संशोधनः** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४ को उपदफा (३) मा रहेका "प्रदेश कर्मचारी अभिलेखालय" भन्ने शब्दहरूको सट्टा "प्रदेश लेखा नियन्त्रक कार्यालय " भन्ने शब्दहरू राखिएका छन्।

मितिः २०८३/०१/०४

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सचिव (कानून)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश